नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(................................ शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २३५/
च.नं. :- मं.बै. ६५६४

मिति : २०७५/१२/१८

श्री सचिव,
गृह मन्त्रालय

बारा र पर्सा जिल्लामा आएको हावाहुरीसहितको चक्रपातसम्बन्धी विषय मं.प.बै.सं. ६७/०७५ मिति २०७५/१२/१८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छ–

नेपाल सरकारको निर्णय–

"१. मिति २०७५/१२/१७ गते आइतबार साँझको समयमा आएको हावाहुरी सहितको चक्रपात तथा असिनापानीका कारण बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा हालसम्म २७ जनाको मृत्यु, ६१३ जना घाइते र ठूलो मात्रामा आर्थिक क्षति भएको विवरण प्राप्त भएको छ । उक्त दुःखद घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, प्रभावित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

घटनालगत्तै उद्धार गर्ने, हेरविचार र राहत दिने, अस्पताल तथा स्वास्थ्य संस्थामा पुऱ्याउन सहयोग गर्ने, भोक निन्द्राको परवाह नगरी महत्त्वपूर्ण शल्यक्रियालगायतका उपचार गर्ने, सुरक्षा दिने, समाचार सम्प्रेषण गर्नेसमेतका कार्यमा स्वस्फुर्त रूपमा तत्कालै परिचालित भई प्राकृतिक विपदमा तदारुकताका साथ मानवीय सेवा उपलब्ध गराउन अमूल्य सहयोग पुऱ्याउने सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू, प्रशासनिक संयन्त्र र कर्मचारीहरू, सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाका चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीहरू, रक्तदाताहरू, संघीय, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरू, निजी क्षेत्रका संघ संस्था तथा प्रतिनिधिहरू, सञ्चार माध्यमलगायत सम्पूर्ण निकाय, जनशक्ति तथा आम जनसमुदायबाट भएको योगदानका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(................ शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................



३. घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था सरकारले मिलाउने । घाइतेहरूको उपचारमा कुनै कमी कमजोरी हुन नदिने । घाइते भइ अपाङ्ग तथा अशक्त हुनेहरू र मृतकका परिवारका सदस्यहरूलाई सरकारले यथोचित व्यवस्था गर्ने ।

४. प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलिन नदिन औषधि उपकरणसहित थप स्वास्थ्यकर्मीहरूको टोली तुरुन्त परिचालन गर्ने । विपद प्रभावित क्षेत्रमा विद्युत, खानेपानी, सञ्चारलगायतका अत्यावश्यक सेवाहरू सुचारु बनाउन र थप क्षति हुन नदिन सम्बन्धित निकायहरूले पूर्ण सतर्कता अपनाउने र आवश्यक कदम चाल्ने।

५. यस दुःखद् परिस्थितिमा प्रशासनिक निकायहरू, सुरक्षा अङ्गहरू, स्थानीय तह, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रभावितहरूको उद्धार, राहत, उपचार एवं खाद्यान्न र बसोबासको प्रबन्ध मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

६. गृह मन्त्रालयको समन्वयमा विपद्बाट भएको क्षतिको विवरण यथाशीघ्र तयार गर्ने, मूल्याङ्कन गर्ने, तथ्य र विवरणसहितको यथार्थ परिस्थिति स्पष्ट भइसकेपछि पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका आवश्यक विषयका सम्बन्धमा थप आवश्यक निर्णय गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

बोधार्थ तथा कार्यार्थः

श्री सचिव,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np